

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ ८ गते सोमबार ❑ 22 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## भ्रष्टाचार र कमिसनको जालो तोड्नुपर्छ : गृहमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
गोरखा, ७ जेठ

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले भ्रष्टाचार र कमिसनको जालो तोड्नुपर्नेमा जोड दिनुभएको छ।

गोरखा सदरमुकाममा आइतबार भएको प्रेस सेन्टर नेपाल गण्डकी प्रदेश समिति र गोरखा जिल्ला समन्वय समितिको साधारणसभालाई सम्बोधन गर्दै उहाँले सरकार देशलाई नयाँ ढङ्गबाट अघि बढाउन भ्रष्टाचार र कमिसनको जालो तोड्ने अभियानमा लागेको बताउनुभयो। "सामाजिक, आर्थिक रुपान्तरणको माध्यमबाट नागरिकको जीवनमा परिवर्तन ल्याउन सामाजिक न्यायसहितको समाज स्थापना गर्नुपर्छ", उहाँले भन्नुभयो "समृद्धिको गुणात्मक फड्को मार्न सरकारले भ्रष्टाचार विरुद्धको अभियानलाई कार्य सूचीअनुसार गरेको छ।"

नक्कली शरणार्थी प्रकरणको स्वतन्त्र र निष्पक्ष अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएको गृहमन्त्री श्रेष्ठले बताउनुभयो। "भ्रष्टाचारी र अपराधीलाई लुक्न, छिप्न दिइदैन", उहाँले भन्नुभयो, "कोही निर्दोष फस्ने र दोषी उम्कने पनि छैन।" उहाँले सरकारको उद्देश्य सुशासन, समृद्धि र सामाजिक न्यायसहित समाज स्थापना गर्नु रहेको स्पष्ट पार्नुभयो। गृहमन्त्री श्रेष्ठले वर्तमान सरकार गठन भएदेखि नै शुसासनको पक्षमा जोड दिँदै आएको बताउनुभयो। "नेपाली जनतामा नयाँ आशा र विश्वास दिलाउनेतर्फ सरकार अघि बढिरहेको छ", उहाँले भन्नुभयो, "त्यसैको परिणाम स्वरुप सरकार कडा रुपमा भ्रष्टाचारको विरुद्धमा उभिएको छ।" उहाँले शान्ति प्रक्रियाको बाँकी कार्यभार पूरा गर्न सरकार लागि परेको जानकारी दिँदै संसद् मा पेश भएको विधेयक पारित भए लगत्तै सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगले बाँकी रहेको कामलाई पूर्णता दिने बताउनुभयो। प्रेस सेन्टरको साधारणसभाले ११ बुँदे गोरखा घोषणापत्र जारी गरेको छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, श्रमजीवी पत्रकारको हकहित एवं पूर्ण व्यावसायिक एवं जनमुखी पत्रकारिताप्रति प्रतिबद्ध रहँदै ११ बुँदे गोरखा घोषणापत्र-२०८० जारी गरिएको प्रेस सेन्टर गण्डकीका महासचिव सन्तोष गौतमले जानकारी दिनुभयो। विज्ञापन बोर्डले लोक कल्याणकारी विज्ञापन कटौती गर्ने निर्णय सच्चाउन, श्रमजीवी पत्रकार ऐन र लोक कल्याणकारी विज्ञापनको समानुपातिक वितरण प्रणालीको व्यावहारिक कार्यान्वयन गर्न, नेपाल पत्रकार महासङ्घले सुरु गरेको सदस्यता शुद्धिकरण अभियानको स्वागत गर्दै शुद्धिकरण अभियानलाई देशभरका जिल्ला र प्रतिष्ठान शाखामा कडाइका साथ कार्यान्वयन गर्न आह्वान गरेको छ।

## सञ्चार विधयक छिट्टै ल्याउछौँ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ




गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले सञ्चार विधयक छिट्टै ल्याउने तयारी गरेको बताउनुभएको छ।

प्रेस युनियन कास्कीको १०औँ जिल्ला अधिवेशनलाई आइतबार सम्बोधन गर्दै उहाँले भन्नुभयो, "गण्डकी प्रदेशमा कार्यरत सञ्चारकर्मीसँगको छलफलबाट नै सञ्चार विधयक ल्याई पास गर्ने तयारीमा छौं।"

मर्यादित पत्रकारिता आजको आवश्यकता भएको बताउँदै मुख्यमन्त्री पाण्डेले पछिल्लो समय पत्रकारिताका नाउँमा व्यक्तिको चरित्रहत्या गर्ने काम भएको र सञ्चारकर्मीले गम्भीर तथा सोच विचारका साथ कलम चलाउनुपर्नेमा उहाँको जोड छ। सङ्घीयता विरोधी गतिविधि चलिरहेको वर्तमान अवस्थामा सञ्चारकर्मीले सङ्घीयता र लोकतन्त्रको पक्षमा कलम चलाउन आवश्यक रहेका बताउँदै उहाँले पत्रकारले त्यस्ता गतिविधिलाई मलजल हाल्ने किसिमले कलम नचलाउनसमेत आग्रह गर्नुभयो। समाजलाई बाटो देखाउने पत्रकारले जुनसुकै अवस्थामा पनि सत्थ्य, तथ्य र निष्पक्ष रुपमा समाचार सम्प्रेषण गर्न छाड्न नहुने उहाँले बताउनुभयो। प्रत्रकारितामा शुद्धिकरणको आवश्यकता पनि देखिएकाले त्यसतर्फ पत्रकार महासङ्घको ध्यान जान आवश्यक भएको कुरा उहाँले औँल्याउनुभयो। "गलत प्रवृत्तिबाट गरिने पत्रकारिताको नियमन हुन जरुरी छ", उहाँले भन्नुभयो, "सरकारका गलत कुरालाई गलत र सहीलाई सही भनेर सूचना जनतासम्म पुऱ्याउने काम सञ्चारकर्मीले गर्नुपर्छ।"

सो अवसरमा नेपाली कांग्रेस गण्डकीका अध्यक्ष शुक्रराज शर्मा, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य सरिता तिमिल्सेना, प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्साल, पुरस्कृत व्यक्तित्व विमला भण्डारी, पत्रकार गङ्गाधर पराजुली लगायतले प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकारको हकहितका बारेमा बोल्नुभएको थियो। प्रेस युनियन कास्कीका कार्यबाहक अध्यक्ष रविना आलेको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रेस युनियन कास्कीद्धारा प्रदान गरिने विभिन्न पुरस्कारद्वारा पत्रकार रवीन्द्र बाँस्तोला, बिमला भण्डारी, रमेश पौडेल र नवीन सिग्देललाई सम्मान गरिएको थियो।

## सर्वसाधारणका लागि खुला गरिँदै रत्न मन्दिर

**रासस**
पोखरा, ७ जेठ



पूर्वराजपरिवारको हिउँदकालीन दरबारका रूपमा चिनिने पोखराको रत्न मन्दिर सर्वसाधारणका लागि खुला गरिँदै छ। गणतन्त्र दिवसको अवसर पारेर यही जेठ १५ गतेदेखि मन्दिर खुला गर्न लागिएको हो।

नवौँ शाहवंशीय राजा महेन्द्रले आफ्नी कान्छी रानी रत्नको नाममा 'रत्नमन्दिर' बनाउनुभएको थियो। राजसंस्थाको अन्त्यपछि विसं २०६४ मा नेपाल ट्रस्टको स्वामित्वमा आएसँगै उक्त दरबार हालसम्म बन्द थियो। शाहवंशीय राजाको इतिहाससँग गाँसिएको उक्त मन्दिर सर्वसाधारणका लागि खुला गर्नुपर्ने स्थानीयले माग गर्दै आएका थिए। नेपाल ट्रस्टका सञ्चालक सदस्य योङजोम शेर्पाले पहिलोपटक यही जेठ १५ गतेदेखि सर्वसाधारण र पर्यटकका लागि दरबार खुला गर्न लागिएको जानकारी दिनुभयो। "देशविदेशका पर्यटकलाई लक्ष्य गरी दरबार परिसर खुला गर्दैछौँ", उहाँले भन्नुभयो, "रत्न मन्दिर खोल्ने वर्षौंदेखिको प्रयासले सार्थकता पाएको छ।" दरबारको संवेदनशीलता र प्राविधिक कठिनाइका कारण दरबारको सबै भाग भने खुला नहुने सञ्चालक सदस्य शेर्पाले बताउनुभयो। "अहिलेलाई दरबार परिसर खुला हुनु नै ठूलो कुरा हो, तत्काललाई दरबारका सबै कक्ष र कोठासम्म पर्यटक लैजान मिल्ने अवस्था छैन", उहाँले भन्नुभयो। दरबारका कोठा, भऱ्याङदेखि भित्री संरचना साँघुरा छन्। एकैपटक सबै खोल्दा दरबारमा रहेका ऐतिहासिक सामग्रीको सुरक्षादेखि आन्तरिक व्यवस्थापनमा चुनौती छ। "दरबार परिसर नै पर्यटकलाई लोभ्याउने खालको छ, दरबारभित्रको भागलाई भिडियो प्रविधिबाट बाहिर देखाउने विषयमा सोचिरहेका छौँ", सञ्चालक सदस्य शेर्पाले भन्नुभयो, "दरबार अवलोकन गर्न आउने पर्यटकलाई रोमाञ्चक अनुभूति लिएर फर्कने वातावरण हामी बनाउँछौँ।" रत्न मन्दिर खोल्ने निर्णय भएपछि सञ्चालक सदस्य शेर्पा पोखरामै बसेर व्यवस्थापकीय तयारीमा जुट्नभएको छ। नेपाल ट्रस्टले दरबार खोल्नका लागि आवश्यक पूर्वतयारीदेखि स्थानीय संयोजनको जिम्मा उहाँलाई नै दिएको छ। पोखरास्थित नेपाल ट्रस्टको एकाइ कार्यालयका अनुसार दरबार प्रवेशमा नेपालीका लागि रू एक सय शुल्क तोकिने छ भने विद्यार्थी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई ५० प्रतिशत छुट दिइनेछ। विदेशी पर्यटकबाट रू हजार या पाँच सय लिने भन्ने विषयमा निर्णय हुन बाँकी रहेको सञ्चालक सदस्य शेर्पाले बताउनुभयो। दरबार खुल्ने समय केही दिनमा निर्धारण हुने जनाइएको छ। अहिले दरबार परिसरमा मर्मतसम्भार, रङ्गरोगन र साजसज्जाको काम चलिरहेको एकाइ कार्यालयका प्रमुख गीता मिजारले जानकारी दिनुभयो। "अहिले दरबार बाहिरको परिसर मात्र सर्वसाधारणका लागि खुला गर्न लागेका छौँ", उहाँले भन्नुभयो, "अरु क्षेत्र क्रमशः खोल्दै जाने योजना छ।"

**दरबारभित्र के छ**

पोखरा महानगरपालिका-६ फेवाताल किनारमा रत्न मन्दिर अवस्थित छ। गौरीघाट कटेपछि बाराहीघाट नपुग्दै बीचमा रत्न मन्दिर आइपुग्छ। रत्न मन्दिर विसं २०१३ मा निर्माण आरम्भ भएर विसं २०१५ निर्माण सम्पन्न भएको थियो। पोखरा आउँदा ठाउँ मन परेपछि पूर्वराजा महेन्द्रले सो दरबार बनाउनुभएको थियो। राजा महेन्द्रले रानी रत्नलाई दिएको उपहारका रुपमासमेत रत्न मन्दिरलाई लिने गरिन्छ। प्राकृतिक सौन्दर्यका दृष्टिले पनि रत्न मन्दिर र वरपरको वातावरण मनमोहक छ। तीनतले दरबारमा ११ कोठा छन्। भूइँ तलामा अतिथिकक्ष, भोजनालय, राजाका सुरक्षा अधिकृत (एडिसी) बस्ने कोठा र आरामकक्ष छन्।

दोस्रो तलामा पाँच कोठा छन्। कोठाबाहिरको मुख्य हलमा बैठककक्ष छ। जसमा राजपरिवारका सदस्यमात्र बैठक बस्ने गर्थे। राजपरिवारले क्यारेमबोर्ड, चेस, तास आदि खेल्ने कोठा पनि सोही तलामा छ। त्यो बेलाका खेल सामग्री सुरक्षित छन्। दोस्रो तलामा युवराजको शयनकक्षसहित तीन पाहुना कोठा छन्। राजपरिवारका निकटस्थ नातेदार र आफन्तका लागि ती कोठा प्रयोग गरिन्थ्यो। सबैभन्दा माथिल्लो तलामा राजारानीको शयनकक्ष र पूजा कोठा छ। बाहिरपट्टि आरामकक्ष र दृश्यावलोकनका लागि कौशी छ। हरेक कोठामा रहेका पलङ, खाट, कुर्ची, टेबललगायत फर्निचरका सामग्री बेतबाट बनेका छन्। मुख्य कोठामा सजावट र उपहारका सामग्री राखिएका छन्। राजपरिवारका सदस्यले प्रयोग गर्ने भान्छादेखि शृङ्गारसम्मका सामग्री सुरक्षित राखिएका छन्। भित्तामा पूर्वराजा तथा पूर्वयुवराजका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नीति तथा कार्यक्रम यथार्थपरक छैन : ओली

**रासस**
काठमाडौं, ७ जेठ

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रम यथार्थताको नजिक नरहेको आरोप लगाउनुभएको छ।

यही जेठ ५ गते राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममाथि आजदेखि प्रतिनिधिसभामा सुरु भएको छलफलका क्रममा उहाँले यो नीति तथा कार्यक्रमले देश र जनताको आवश्यकतालाई सम्बोधन गर्न नसक्ने बताउनुभयो। उहाँले नीति तथा कार्यक्रम पुनःलेखन गर्न माग गर्नुभयो।

प्रमुख प्रतिपक्षी दलका नेता ओलीले सरकारको नीति तथा कार्यक्रमले १५औँ पञ्चवर्षीय कार्यक्रमकोसमेत समीक्षा गर्न नसकेको बताउनुभयो। उहाँले भन्नुभयो, "१५औँ पञ्चवर्षीय कार्यक्रमको अन्तिम वर्षमा त्यसको गम्भीरतासाथ समीक्षा हुनुपर्नेमा, कार्यक्रम सफल भयो भएन ? कति उपलब्धि हासिल गर्न सकियो सकिएन समीक्षा गर्नुपर्नेमा त्यसमा सरकारको नीति तथा कार्यक्रम चुकेको छ।"

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## पुस्तक 'म्याड लभर्स' परिचर्चा कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ




प्राध्यापक रुद्रप्रसाद तिमिल्सिनाले लेखेको पुस्तक ' म्याड लभर्स' (प्रेमको शास्त्रिय सल्यक्रिया)को परिचर्चा कार्यक्रम पोखरामा सम्पन्न भएको छ।

पृथ्वीनारायण क्याम्पस पोखराका क्याम्पस प्रमुख प्रा.डा.सरोज कोइरालाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बोल्दै कोइरालाले श्रष्टाद्धारा सृजित सृजनाहरुले हाम्रो समाजको यथार्थ बोल्न सक्नु पर्ने बताए। 'पुस्तक समाजको ऐना हो, श्रष्टाद्धारा सृजित सृजनाहरुले हाम्रो समाजको यथार्थ बोल्न सक्नु पर्छ, म्याड लर्भस त्यही पाटोमा केन्द्रित बनोस्, आगामी दिनमा अझै सशक्त सृजनाको शुभकामना' उनले भने। गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले कृति आफैमा सशक्त विषय भएको बताए। 'कृति आफैमा सशक्त विषय हो, यसले यर्थाथताको धरातल टेक्नै पर्छ, म्याड लर्भसले सृजनाको धर्म निभाएको छ' उनले भने। यो पुस्तक पाठकको गहना बन्ने सदस्य सचिव श्रेष्ठको विश्वास थियो। पुस्तक माथि परिचर्चा प्राध्यापक सुन्दर मानन्धरले गरें। श्रष्टा रुद्र प्रसाद तिमिल्सिनाले पुस्तक लेख्दाका अनुभव सुनाए। आफू उत्तर आधुनिक जोगी भएको उनको भनाई थियो। आंशिक प्राध्यापक संघ पृथ्वीनारायण क्याम्पसका अध्यक्ष सुनिल गौतमको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वरिष्ठ उपाध्यक्ष प्रकाश चन्द्र रेग्मीले गरेका थिए। आंशिक प्राध्यापक संघ पृथ्वीनारायण क्याम्पसको आयोजनामा गण्डकी प्रज्ञा प्रतिष्ठानको सभाहलमा भएको कार्यक्रममा श्रष्टालाई सम्मान समेत गरियो।

# अरण्यज्योति र पेलिकेण्ट्स तनहुँ अरण्यज्योति कपको फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ



आयोजक अरण्यज्योति क्रिकेट क्लव र पेलिकेण्ट्स क्रिकेट क्लव, तनहुँ पोखरामा जारीलुम्बिनी विकास बैंक अरण्यज्योति कप-२०८० को फाइनलमा प्रवेश गरेका छन् । अरण्यज्योतीले साँग्रिला क्रिकेट क्लवलाई तथा तनहुँले बाग्लुङ्गलाई पराजित गर्दै फाइनलमा स्थान बनाएका हुन् ।

पोखरा रंगशालामा आइतबार भएको पहिलो सेमिफाइनलमा अरण्यज्योलीले साँग्रिला क्रिकेट क्लवलाई ३० रनले पराजित गरेको हो । पहिला व्याटिङ गरेको अरण्यज्योतीले २० ओभरमा ६ विकेट गुमाएर १ सय ४ रन बनाएको थियो । अरण्यज्योतीको व्याटिङमा अभिषेक बस्नेतले ३१ तथा विवेक नेपालीले १८ रन जोडे । साँग्रिलाका बलरहरु आदर्श झा र कृष्ण कार्कीले समान २ विकेट लिए । जितका लागि १ सय ५ रनको लक्ष्य पाएको साँग्रिलाले १६.२ ओभरमा सम्पूर्ण विकेट गुमाएर ७४ रन बनायो । साँग्रिलाको तर्फबाट नारायण जोशीले २४ तथा सिब्रिन श्रेष्ठले १८ रन जोडे । अरण्यज्योतीका बलरहरु अब्दुल मियाले ४ र अमरसिंह राउटेलाले ३ विकेट लिए । खेलमा राउटेला म्यान अफ द म्याच भए । अर्को सेमिफाइनलमा तनहुँले बाग्लुङलाई ७ रनले पराजित गऱ्यो । पहिला व्याटिङ गरेको तनहुँले १५.२ ओभरमा सम्पूर्ण विकेट गुमाएर ८६ रन बनाएको थियो । बाग्लुङको तर्फबाट म्यान अफ द म्याच प्रतिक श्रेष्ठले ४० रन हाने । प्रत्युत्तरमा बाग्लुङले पुरा २० ओभर खेल्दै १० विकेटको क्षतिमा ७९ रन बनायो । बाग्लुङका लागि दीपेन्द्र रावतले २१ तथा विश्व कार्कीले १२ रन बनाए । तनहुँका बलरहरु कमल परियारले ३ तथा चन्द्रकान्त पौडेल, प्रतिक श्रेष्ठ र सन्दिप पराजुलीले समान २ विकेट लिए । प्रतियोगिताको फाइनल खेल सोमबार हुने आयोजकले जनाएको छ ।

# पोखरामा हुने देश्ना चन्द्र स्मृति कपको तयारी तिब्र

**ललित अधिकारी/ तुलसी धमला**
पोखरा, ७ जेठ

पोखरामा आयोजना हुने तेस्रो देश्ना चन्द स्मृति तेस्रो सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगिता २०८० को तयारी तिब्र पारिएको छ ।

पोखरा महानगरपालिका १ स्थित नयाँ गल्ली युवा क्लबको आयोजनामा जेठ १३ देखि २० गतेसम्म हुने प्रतियोगिताको तयारी तिब्र पारिएको आर्थिक संयोजक हिटलर घलेले जानकारी दिए । उनले यसअघि जेठ २० गतेदेखि २७ गतेसम्म प्रतियोगिता सञ्चालनको मिति घोषणा गरेतापनि मैदान निर्माणका कारण एक हप्ता अघि सारेको बताए ।

'प्रतियोगितालाई हामीले घोषणा गरेको मितिभन्दा एक हप्ता अघि सारेका छौं, उनले भने, 'टुडिखेलको मर्मत संभार तथा दुवो रोप्नका लागि बजेट विनियोजन भएका कारण काम सुरु गरिहाल्नुपर्ने भएकाले आउदौ १३ गतेदेखि प्रतियोगिता खेलाउने छौ ।' घलेका अनुसार पोखरा पुरानो टुँडिखेल मैदानमा एक साता सञ्चालन हुने सेभेन ए साइड फुटबल प्रतियोगिताको विजेता टिमले १ लाख ५० हजार, उपविजेताले ८० हजारसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । सो प्रतियोगितामा उत्कृष्ट विधागततर्फ नगद राशीले पुरस्कृत गर्ने क्लबका अध्यक्ष शुशिल श्रेष्ठले बताए ।

श्रेष्ठका अनुसार उत्कृष्ट खेलाडीले १० हजार, सर्वाधिक गोलकर्ता, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट डिफेन्डर र उत्कृष्ट गोलरक्षकले जनही ५/५ हजार पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा सहभागिता जनाउनका लागि दर्ता शुल्क ७ हजार निर्धारण गरिएको खेल संयोजक अञ्जन देवकोटाले जानकारी दिए । उनका अनुसार टिम दर्ता फोन बाटैपनि गर्न सकिनेछ ।

# नेलम्बो नेपालको निःशुल्क दन्त शिविर रुपा गाउँपालिकामा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ



पोखरा-४ गैह्रापाटनमा रहेको नेलम्बो नेपालले कास्कीको रुपा गाउँपालिकामा ५ दिने निःशुल्क दन्त शिविर सम्पन्न भएको हो ।

रुपा गाउँपालिकाको समन्वयमाम वडा नं. ५ देउरालीमा रहेको श्री विश्व शान्ति माध्यमिक विद्यालयको प्राङ्गणमा सञ्चालन भएको शिविरमा ३०३ जनाले उपचार लिएका छन् । सो शिविरमा दन्त परिक्षण, दाँत भर्ने, दाँत निकाल्ने, दाँत सफा गर्ने, दाँतको एक्सरे, गिँजाको उपचार दाँतको जरै देखि उपचार (आर.सी.टि) र औषधी वितरण गरिएको थियो । उक्त शिविर वडा नं. ५ का वडा अध्यक्ष राजन खनालको सभापतित्वमा रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाको प्रमुख आथित्यतामा कार्यक्रम सञ्चालन भएको हो । उक्त दन्त शिविरमा डा.सिजन मर्सानीको नेतृत्वमा ८ जनाको टोली उपचारमा संग्लन रहेको थियो । नेलम्बो नेपालसँग दन्त शिविरलाई प्रभावकारी बनाउनको लागि अत्याधुनिक उपकरण जडित मोवाइल डेण्टल भेन रहेको र सम्पूर्ण उपचारको व्यवस्था पनि भेन भित्र नै रहेकोले दन्त शिविर प्रभावकारी र फलदायि रहेको उपचारमा संलग्न सेवा ग्राहीहरुले बताए । रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले नेलम्बो नेपालसँग पहिलेको वर्षहरुमा पनि निःशुल्क दन्त शिविरहरु सञ्चालन गरेको र सेवा निकै प्रसंशनीय रहेकोले नेलम्बो नेपालसँग सहकार्य गरि शिविर सञ्चालन गरेको बताउनु भयो । त्यसै गरी कार्यक्रममका सभापति राजन खनालले आफुले धेरै प्रकारका शिविरहरु देखेको र यस्तो विशिष्ट प्रकारको सुविधा सम्पन्न शिविर अहिले सम्म नदेखेको बताउनु भयो । उक्त शिविरमा उपचार गराईएका विरामीहरुलाई फलोअप गरी पुनः उपचार पनि रहेको नेलम्बो नेपालका कार्यक्रम संयोजक भीम प्रसाद भण्डारीले बताउनु भयो ।

# सञ्चारकर्मी सिञ्जालीद्धारा निर्देशित डकुमेन्ट्री पोखरामा प्रदर्शन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ



सञ्चारकर्मी गोविन्द थापा सिञ्जालीद्धारा निर्देशित संस्कृति संरक्षणमा जोड दिएको डकुमेन्ट्री पोखरामा एक कार्यक्रमकाबीच प्रदर्शन गरिएको छ ।

सञ्चारकर्मी सिञ्जालीद्धारा निर्देशित कृष्णचरीत्र, ठाडोभाका, भैरवथानको यात्रा, बाजेबज्यैको पूजा, तलु र रेडियो नेपालको एक परिचय डकुमेन्ट्री चित्रेभञ्ज्याङ पोखरा सम्पर्क मञ्च कास्कीको आयोजनामा प्रदर्शन गरिएको हो । डकुमेन्ट्री प्रदर्शन कार्यक्रममा बोल्दै स्याङ्जाको हरिनास गाउँपालिकाका अध्यक्ष खीमनारायण मानन्धरले गाउँपालिका भित्र रहेको कला संस्कृतिलाई संरक्षणमा जोड दिने बताए । 'कला संस्कृति हाम्रो सम्पत्ति हो, सम्पत्तिको संरक्षण गर्ने सबैको दायित्व हो, गाउँपालिकाको विकासमा संस्कृतिमा पनि महत्वपूर्ण पक्ष हो, अध्यक्ष मानन्धरले भने, 'भाषा, कला, संस्कृतिको संरक्षणकोसँगै गाउँपालिकाको विकासमा लागि परेका छौं, अबको युवा पुस्ताले कला संस्कृतिसँगै भाषाको संरक्षणमा विशेष ध्यान पुऱ्याउनु आवश्यक छ ।' उनले सबै ठाउँको भाषा, कला, संस्कृति डकुमेन्ट्रीमा मात्र नभएर सबैले संरक्षणमा गर्न आवश्यक रहेको बताए । यस्तै कार्यक्रममा पृथ्वीनारायण क्याम्पसका प्रा.डा. कुशुमाकर न्यौपानेले भाषा, कला संस्कृतिमा युवा पुस्ताले विशेष ध्यान पुऱ्याउन आग्रह गरे । 'अहिले भाषा, कला, संस्कृति लोप हुँदै जान थालेको छ, आधुनिकता मिसिदै जाँदा पुर्खाहरुले बचाएर राखेको कला संस्कति भाषा लोप हुने खतरामा छ, अबको युवापुस्ताहरुले संस्कृति संरक्षणमा विशेष ध्यान पुऱ्याउन आवश्यक छ ।' उनले भने । चित्रेभञ्ज्याङ पोखरा सम्पर्क मञ्च कास्कीले साहित्यकार र कलाकारहरुलाई सम्मान गरेको छ । मञ्चले सञ्चारकर्मी सिञ्जालीद्धारा निर्देशित डकुमेन्ट्री प्रदर्शनको अवसरमा कला संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउने साहित्यकार, कलाकार र समाजसेवीलाई सम्मान गरेको हो । नेपाल आदिवासी जनजाति महासंघ कास्कीका पूर्वअध्यक्ष कृष्णबहादुर थापामगर, लोकदोहोरी गायक पुरुषोत्तम न्यौपाने, कवि इन्द्रबहादुर राना' प्रतिक', रेडियो नेपाल गण्डकी प्रदेशका प्रमुख सुरेन्द्र प्रसाद यादव, समाजसेवी महेशकुमार थापा, मगर एनआरएन डङकङका सदस्य रीवीका मगर, समाजसेवी कृष्णप्रसाद शर्मा, नेत्रबहादुर थापा, हुमाकुमारी थापा र लिलम्वर थापालाई मञ्चले सम्मान गरेको हो । लोकदोहोरी गायक पुरुषोत्तम न्यौपाने र कवि इन्द्रबहादुर राना ' प्रतिक'लाई १० र ५ हजारसहित सम्मान गरेको हो ।

## सर्वसाधारणका...

तस्बिर सजाइएका छन् । नेपाली कला झल्काउने हस्तकलाका सामग्री र आकर्षक 'पेन्टिङ'हरु दरबारभित्र छन् । दरबारमा प्रयोग हुने टेलिभिजन, रेडियो, टेलिफोन सेटलगायत सञ्चार र सूचना प्रविधिका सामग्री सङ्ग्रहित छन् । काठ र ढुङ्गाबाट दरबार बनेको छ । निर्माणमा रैथाने सीप र प्रविधि प्रयोग भएको देखिन्छ । दरबारको पछाडिपट्टि भान्छा, कर्मचारी र सुसारेका लागि बनाइएका स-साना कोठा छन् । सुरक्षाका लागि नेपाली सेनाको छुट्टै भवन छ । अहिले रणचण्डी गणले रत्न मन्दिरमा सुरक्षा पहरा दिइरहेको छ । तेइस वर्षदेखि रत्न मन्दिरको रेखदेखमा खटिँदै आउनुभएकी कार्यालय सहयोगी दुर्गा पराजुलीले राजपरिवारले प्रयोग गर्ने गरेका सबै सामग्री सुरक्षित राखिएको बताउनुभयो । "विस्तारा, भाँडाकुँडादेखि सबै सरसामान जोगाएर राखेका छौँ", उहाँले भन्नुभयो, "राजपरिवारले प्रयोग गर्ने सियोदेखि महँगा उपहारसम्म दरबारभित्र छन् ।" कार्यालय सहयोगी पराजुलीले विशेष गरी पुस/माघको समयमा राजारानी जाडो छल्न रत्न मन्दिरमा आएर बस्ने गरेको सुनाउनुभयो । "दसैँमा स्याङ्जालगायत ठाउँमा शक्तिपीठको दर्शनपछि राजारानी यहीँ आएर बस्नुहुन्थ्यो", उहाँले भन्नुभयो, "बिदा मनाउन र आराम गर्न राजपरिवारका सदस्य यहाँ आउने चलन थियो ।" राजा ज्ञानेन्द्र शाह पनि आफ्नो शासनको आखिरी कालमा रत्न मन्दिरमा आएर बस्नुभएको थियो । विसं २०६२/६३ को जनआन्दोलनपछि उक्त मन्दिर पूर्णरूपमा बन्द भएको थियो । नेपालमा दुई सय ४० वर्षसम्म शासन गरेको शाहवंशसँग जोडिएको रत्न मन्दिर खुला गर्न यसअघि पनि प्रयास भएका थिए । गत चैत २६ मा रत्न मन्दिरको अवलोकनपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले छिट्टै रत्नमन्दिरलाई सर्वसाधारणका लागि खुला गरिने बताउनुभएको थियो । गण्डकी प्रदेशका मुख्यमन्त्री, पोखरा महानगरका प्रमुखलगायत राजनीतिक नेतृत्वले पनि रत्न मन्दिर खुला गर्न पहल गर्दै आउनुभएको थियो । पोखरा महानगरका प्रमुख धनराज आचार्यले लामो प्रयासपछि रत्न मन्दिर खुला हुन लागेको बताउनुभयो । मन्दिर खुलेसँगै पोखराको पर्यटनमा थप टेवा पुग्ने उहाँले उल्लेख गर्नुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले रत्न मन्दिरले पोखरा आउने पर्यटकको बसाइँ लम्बाउन मद्दत पुग्ने बताउनुभयो । "रत्न मन्दिर खोल्नुपर्छ भन्ने हामी पोखरेलीको पहिले देखिकै माग हो । रत्न मन्दिर खुला गर्न अहिलेको पर्यटनमन्त्रीसहित नेपाल ट्रस्टको नेतृत्वले लिएको पहलप्रति हामी कृतज्ञ छौँ, यसले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुऱ्याउँछ", उहाँले भन्नुभयो । इतिहासको बोकेको रत्न मन्दिरलाई पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास गर्नुपर्ने माग पोखराका पर्यटन व्यवसायीले गर्दै आएका थिए । पोखरा घुम्न आउने पर्यटकलाई रत्न मन्दिरले नयाँ आकर्षण थप्ने पर्यटन व्यवसायीको विश्वास छ । यसअघि नेपाल ट्रस्टले रत्न मन्दिर र हिमागृहलाई व्यावसायिक प्रयोजनका लागि निजी क्षेत्रलाई दिने तयारी गरे पनि पर्यटन व्यवसायीले विरोध जनाएका थिए । अहिले ट्रस्टको व्यवस्थापनमा रत्न मन्दिर खुला गर्न लागिएको हो । मन्दिरको पूर्वपट्टी रहेको हिमागृह भने तत्काल नखुल्ने ट्रस्टको पोखरास्थित एकाइ कार्यालयले जनाएको छ । पूर्वराजा महेन्द्रका माहिला भाइ हिमालय वीरविक्रम शाहका नामबाट हिमागृह बनेको थियो । रत्न मन्दिर २१ रोपनी र हिमागृह १० रोपनी क्षेत्रफलमा फैलिएको छ । दुवै दरबारसहित रत्न मन्दिरका नाममा कुल एक सय ७४ रोपनी जग्गा छ । रत्न मन्दिर र हिमागृहको स्वामित्व अहिले नेपाल ट्रस्टका नाममा छ ।

## नीति...

उहाँले कुनै पनि कालखण्डको भ्रष्टाचारको छानबिन गर्नुपर्ने र त्यसमा सबैको साथ तथा सहयोग हुनुपर्ने धारणा राख्नुभयो । अध्यक्ष ओलीले नक्कली भुटानी शरणार्थी प्रकरणमा दोषीलाई कारबाही हुनुपर्ने र निर्दोष व्यक्ति फस्न नहुने बताउनुभयो । "दोषीमाथि दृढताका साथ कारबाही होस् । ढाकछोप गर्ने धृष्टता नगरियोस्", उहाँले भन्नुभयो । उहाँले राष्ट्रिय समस्या समाधानका लागि सहमति, सहकार्य र एकताबाट मात्रै अगाडि बढ्न सकिने धारणा राख्नुभयो । उहाँले सदन चलाउन तथा देशका समस्या समाधानका लागि शीर्ष नेताका बीचमा छलफल भएको जानकारी पनि दिनुभयो । तीन दलका शीर्ष नेता राष्ट्रिय हितलाई केन्द्रमा राखेर छलफल गर्ने गरेको उहाँको भनाइ थियो । पूर्वप्रधानमन्त्री ओलीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को आसन्न भारत भ्रमणमा राष्ट्रिय हितलाई केन्द्रमा राखेर छलफल गर्नुपर्ने सुझाव दिनुभयो । उहाँले न्याय र समृद्धि नै लोकतन्त्र भएकाले आफ्नो दलले त्यसलाई आत्मसात् गरेको उल्लेख गर्नुभयो ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति जेठ ९ गते मंगलबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म


माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# प्रचण्डले पाएको मौका

सरकार र नेकपा माओवादी बीच विस्तृत शान्ति संझौता भएको १६ वर्ष पूरा भएको छ । शान्ति संझौताको मुख्य काम वेपत्ता कार्यकर्ताको खोजी गर्ने र सत्य निरुपण गरि मेलमिलापको वातावरण बनाउनु हो । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले दुई वर्षमा बेपत्ता योद्धको स्थिति सार्वजनिक हुने प्रतिबद्धता जनाएका छन् । ''बेपत्ता योद्धाको स्थिति दुई वर्ष भित्रमा टुङ्ग्याउने गरी कार्य सुरु गरिसकेको जानकारी प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले दिएपनि विगतको जस्तै हुने आशंका छ ।

प्रधानमन्त्री प्रचण्डको- "बेपत्ता योद्धाको स्थिति सार्वजनिक गर्ने, उनीहरूलाई शहीदको सम्मान दिने र परिवारलाई उचित क्षतिपूर्ति, परिपूरणसहितको व्यवस्था गर्न आफू पूरै लागिपर्ने प्रतिबद्धता छ । शान्ति प्रक्रियाका बाँकी काम दुई वर्ष भित्रै टुङ्गोमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेपनि१६ वर्ष सम्म पूरा नभएको दुई वर्षमा परिणाम आउँछ भन्नू अपत्यारिलो कुरा हो । केही दिन भित्रै सङ्क्रमणकालीन न्याय सम्बन्धी विधेयक संसदबाट पारित गर्ने गरि तीन ठूला दलले संवादलाई जोड दिनु सकारात्मक काम हो । बेपत्ता योद्धा परिवार समाजले आइतबार काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा प्रधानमन्त्री प्रचण्डसँगै ठूला दलहरूको सहमतिमा नै सो विधेयक संसदबाट पारित हुने अवस्था बन्दै गएको छ ।

अहिले पनि सदन भित्र सबै राजनीतिक दल र सदन बाहिरका पीडितसँग पनि समभ्रुदारी बनाएर सत्य निरूपण तथा बेपत्ता आयोग सम्बन्धी विधेयक पारितहुनुपर्छ । नेपाली काङ्ग्रेसका रमेश लेखकले बेपत्ता योद्धाको स्थितिलाई र सत्य निरूपणसँग सम्बन्धित विषयलाई टुङ्गोमा पुऱ्याइन्छ भन्ने कमिटमेन्ट गरेका छन। त्यसैगरी नेकपा (एमाले)का प्रदीप ज्ञवालीले पनि बेपत्ता योद्धाका परिवारका अगाडि, शहीद परिवारजनको अगाडि उभिएर जेकमिटमेन्ट गरेका छन तीनको धेरै ठुलो अर्थ छ ।

शान्ति प्रकृयाको काम सक्न प्रधानमन्त्री दाहाल, काङ्ग्रेस सभापति शेर बहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले पटकपटकका वार्ता र भेटघाटले केही सहज वातावरण बनाउँदै लगेको छाराजनीतिक र कार्यशैलीमा तीन दलबीच मतभेद रहेपनि शान्तिसम्झौताका काम पूरा गर्न लचकता देखाएका छन।माओवादी लडाकुलाई दुई लाख दिने निर्णय अदालतको अन्तरिम आदेशका कारण रोकिएको कारण प्रधानमन्त्री प्रचण्डलाई लचकता देखाउने मौका पाएका छन । कुरा धेरै गर्ने तर काम थोरै गर्नेगरेकोले पनि सबैले विश्वास गर्ने ठाउँ थिएन । अहिले थोरै बोलेर धेरै काम गर्ने वाचा गरेका प्रचण्डले गल्ति दोहोऱ्याएनन भने शान्तिसम्झौताका बाँकी काम पुरा गर्न सहज हुनेछ ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | : सत्कार मिल्नेछ | **तुला** | : ब्यापारमा लाभ |
| **वृष** | : सम्मान मिल्नेछ | **वृश्चिक** | : शत्रुको भय |
| **मिथुन** | : अप्रत्यसित लाभ | **धनु** | : झमेला बड्ने |
| **कर्कट** | : आर्थिक समस्या | **मकर** | : कार्यमा सफलता |
| **सिंह** | : मानसिक तनाब | **कुम्भ** | : मन चञ्चल |
| **कन्या** | : शारीरिक झमेला | **मीन** | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गोर्खा कप खेल्न बेलायत लाग्यो 'पोखरा-११'

**प्रेम बहादुर आले**

पोखरा, ७ जेठ

तमु धीं यूकेले आयोजना गरेको २१ औ गोर्खा कपमा सहभागिता जनाउन नेपालबाट पोखरा ११ बेलायत लागेको छ ।

बेलायतमा आगामी मे २८ तारिखदेखि सञ्चालन हुने प्रतियोगितामा सहभागिता नजाउनका लागि पूर्व राष्ट्रिय खेलाडीसमेत रहेका इश्वर गुरुङको नेतृत्वमा १५ सदस्यीय टोली आइतबार बेलायत प्रस्थान गरेको हो । सो टोलीमा इश्वर (चन्द्र) गुरुङ, अमित (जोन) गुरुङ, अबतार गुरुङ, एन्फा कास्की अध्यक्ष उज्वल रन्जित, राजेन्द्र तामाङ, कुमार गुरुङ, जमान सिंह दुरा, राजु हमाल, नरेन्द्र जङ्ग (मुखिया) गुरुङ, अभिषेक पिया, विजय गुरुङ, डिल्लिराम श्रेष्ठ, राज महर्जन, टेक बहादुर गुरुङ र सचिन श्रेष्ठ रहेका छन् । खेलाडीहरुलाई बेलायत जानका लागि बगर भाईखलक यूके र तमु धि यूकेले संयोजन गरेको थियो । बेलायत प्रस्थान गरेको टोलीलाई बगर भाइखलक पोखराले एक कार्यक्रमको आयोजना गरी विदाई गरेको थियो । सो टोली बेलायत करिब दुई साता बस्नेछ ।



## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

नामः रजिशा श्रेष्ठ

विमा लेख नं. २५२१०३५४८

ठेगानाः सामाखुशी, काठमाडौं

सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा, सम्पर्क नं. ९८४०१३८०५१




## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ११ जनपथ टोलमा बाटो ढलान कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः खिलाङ समाजघर हुदैं चन्द्रप्रकाशसम्मको बाटो ढलान

स्थानः पोखरा–११, जनपथटोल

योजना सम्झौता मिति : २०७९/०८/०९ गते

योजना सुरु भएको मिति : २०७९/११/०१ गते

योजना सम्पन्न मितिः २०७९/१२/२५ गते

योजनाको कुल लागत : रु.७,३०,००० ।–

वडा कार्यालयबाट प्राप्त हुने रकम : रु.६,००,००० ।–

जन सहभागितावाट : रु.१,३०,००० ।–

उपभोक्ता समिति अध्यक्षः देउ कुमारी थापा

सम्पर्क नं.: ९८५६०३६८६५

**खिलाङ मार्ग बाटो ढलान उपभोक्ता समिति**

**पोखरा-११, जनपथ टोल**




## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७ स्थित पार्दी खोला नियन्त्रण कार्य सम्पन्न गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः पार्दी खोला नियन्त्रण निर्माण कार्य

स्थानः पोखरा–१७, पार्दी, कास्की

योजना सम्झौता मिति : २०८०/०१/०५ गते

योजना सुरु भएको मिति : २०८०/०१/०७ गते

योजना सम्पन्न गर्नुपर्ने मितिः २०८०/०२/१५ गते

योजना सम्पन्न मितिः २०८०/०१/२९ गते

योजनाको कुल लागत : रु. ९,४३,७६३ ।–

महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.८,००,००० ।–

जन सहभागितावाट : रु.१,४३,७६३।–

**घनश्याम शर्मा**

**अध्यक्ष**

**पार्दी खोला नियन्त्रण उपभोक्ता समिति**

**पोखरा-१७, पार्दी**


# घरमा सुत्केरी हुनेको संख्या शून्य

**पोखरापत्र संवाददाता**

बागलुङ, ७ जेठ

पछिल्लो दुई वर्षयता गलकोटमा 'होमडेलिभरी' हुनेको सङ्ख्या शून्य छ । नगरपालिकाले वडा-वडामा बर्थिङ सेन्टर स्थापना र स्वास्थ्य सेवाको पहुँच सहज पुऱ्याएपछि 'होमडेलिभरी' हुनेको सङ्ख्या शून्यमा झरेको हो ।

नगरपालिकालाई 'शून्य होमडेलीभरी' गराउनका लागि महिलालाई सचेत बनाउने र समय-समयमा स्वास्थ्य सचेतनासम्बन्धी कार्यक्रम गर्न थालेपछि घरमा सुत्केरी हुने महिलाको सङ्ख्यामा कमी आएको गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले बताउनुभयो । सबैभन्दा विकट मानिने वडा नं १० को रमुवामा पनि बर्थिङ सेन्टर स्थापनापछि 'शून्य होमडेलिभरी' हुन थालेको उहाँको भनाइ छ । पछिल्लो समय ग्रामीण क्षेत्रका महिला पनि सचेत र शिक्षित बन्दै गएपछि घरमा सुत्केरी हुने महिलाको सङ्ख्या घटेको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "विगतमा धेरै महिला दिदीबहिनीले स्वास्थ्य सेवाको अभावमा अकालमा ज्यान गमाउनुपऱ्यो, दुर्गम बस्तीका महिलालाई सुत्केरी बिमार लाग्छ, घरमा सुत्केरी नभएपछि परिवारले ढिला अस्पताल लैजान्छन्, ढिला अस्पताल लैजाँदै गर्दा बाटोमै सुत्केरी हुने, त्यसरी बाटोमा सुत्केरी हुँदा कहिले बच्चाको मृत्यु हुने कहिले आमाको मृत्यु हुने अवस्था थियो, अहिले यहाँ त्यस्तो समस्या छैन, हरेक बस्तीको पायक पर्ने ठाउँमा स्वास्थ्यचौकी, बर्थिङ सेन्टर छन्, त्यहाँबाट सेवा प्रदान गर्न थालेपछि आमा र बच्चाको मृत्यु कम भएको पाएको छु भने घरमा सुत्केरी हुने परम्परा पनि हटेको छ ।" उहाँले स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई नगरपालिकाले रु चार हजार पाँच सय प्रोत्साहन भत्ता दिने व्यवस्था गरेको बताउनुभयो । 'नगरप्रमुख मातृ तथा पोषण कार्यक्रम'अन्तर्गत नेपाल सरकारले बनाएको मापदण्डअनुसार आठपटक स्वास्थ्य संस्थामा आएर गर्भ परीक्षण गराएपछि नगरपालिकाले यो सुविधा दिने गरेको प्रवक्ता भण्डारीको भनाइ छ । गलकोटका कुनै पनि स्वास्थ्य संस्थामा गर्भवती हुन नसके बागलुङ वा अन्य कुनै अस्पतालमा पठाउनु परे नगरपालिकाले यातायात खर्चसमेत दिने व्यवस्था गरेको उहाँले बताउनुभयो । गलकोट नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सुशील पौडेलले महिला पहिलो स्वास्थ्य संस्थामा जाँच गर्न आउँदादेखि नै उनीहरूलाई परामर्श दिने गरेको र सोहीअनुसार महिला सचेत बन्दा 'होमडेलिभरी' कम भएको बताउनुहुन्छ । उहाँले आवश्यकताका आधारमा नगरपालिकाले दुर्गम स्थानमा बर्थिङ सेन्टर स्थापना गरेपछि स्थानीय गर्भवती महिलाले गाउँमै स्वास्थ्य परीक्षण गराउन पाएको र स्वास्थ्यकर्मीले समय-समयमा 'होमडेलिभरी'का बारेमा जानकारी गराउने हुँदा नगरपालिकामा 'होमडेलिभरी' शून्य हुन पुगेको जानकारी दिनुभयो । "पहिले-पहिले रमुवा क्षेत्रमा घरमै सुत्केरी भएको भन्ने सुनिन्थ्यो, अहिले गलकोटमा 'होमडेलिभरी'को अवस्था शून्य छ, अहिले वडा-वडामा बर्थिङ सेन्टर स्थापना भएका छन्, स्वास्थ्य सेवाको पहुँच पनि सहज बनेको छ, त्यसमाथि महिला दिदीबहिनी पनि सचेत र शिक्षित बन्दै जानु भएको छ", प्रमुख पौडेलले भन्नुभयो, "मान्छे शिक्षित भयो भने धेरै समस्या समाधान हुनेरहेछ, हामीले पनि गर्भवती भएर स्वास्थ्य जाँचका लागि आएको पहिलोपटकदेखि नै काउन्सिल गरिरहेका हुन्छौं, त्यसले गर्दा पनि हाम्रो नगरपालिकामा 'होमडेलिभरी' न्यून बनेको हो, केही समययता घरमै सुत्केरी भएको सुनिएको छैन ।"



## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

नामः लिला थापा

विमा लेख नं. १३०००७०३५

ठेगानाः गणेश गञ्ज, फूलबारी–६, भरतपुर

सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा, सम्पर्क नं. ९७४२९३१८२२




## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७ स्थित बाराही टोल पुलचोक झौरी चौतारी बाटो स्तरोन्नती निर्माण कार्य सम्पन्न गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः बाराही टोल पुलचोक झौरी चौतारी बाटो स्तरोन्नती निर्माण कार्य

स्थानः पोखरा–१७, बाराही टोल, कास्की

योजना सम्झौता मिति : २०७९/०८/१८ गते

योजना सुरु भएको मिति : २०७९/०९/०१ गते

योजना सम्पन्न गर्नु पर्ने मितिः २०८०/०२/२९

योजना सम्पन्न मितिः २०८०/०१/१५ गते

योजनाको कुल लागत : रु. ९,४१,५४५ ।–

महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.८,००,००० ।–

जन सहभागितावाट : रु.१,४१,५४५।–

**भोलानाथ बराल**

**अध्यक्ष**

**बाराही टोल, पुलचोक, झौरी चौतारी बाटो स्तरोन्नती उपभोक्ता समिति पोखरा-१७, बाराहीटोल**




**Madi Rural Municipality**

**Office of the Rural Municipal Executive**

Thumakodanda, Kaski, Gandaki Province, Nepal

## Invitation for Seal Quotation

**First date of Publication: 2080/02/08 (22nd May 2023)**

1. Madi Rural Municipality,Office of the Rurual Municipal Executive, Thumakodada, Kaski invites the E-Bidding bids from Nepalese eligible bidders for Seal Quotation contracts under E-procurment system for the construction of projects mentioned below;

| SN | Contract No. (IFB No.) | Description of Work | Estimated Amount NRS (without VAT & contingence) | Bid Security Amount (NRS). | Bid Security Validity Period | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 23/MRM/G/ SQ/2079/080 | Supply and Delivery Of Machine Made and Mechanically Selvedged Double Twiste Hexagonal Mesh Product Wire Mesh Gabion Box | **8,83,202.00** | **26,900.00** | 75 days | 1000 |

2. Purchase, Submission and Opening:

| Contract No. | Bid Document Purchase | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| 23/MRM/G/ SQ/2079/080 | 2080/02/22 | 17:00 | 2080/02/23 | 12:00 | 2080/02/23 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No | Deposit Account No. |
|---|---|---|---|
| Machhapuchhre Bank ltd, ThumakodadaKaski. | Madi Rural Municipality, Office of the Municipal Executive, Thumakodada, Kaski | 0790051472900083 | 0790051472900011 |

3. Bidders should Purchase the bidding documents and submit their bids Electronically Only through E-procurment section of Madi Rural Municipality, as specified in the bidding data sheet for provision of E-Bidding.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

# भानुभक्त प्राणी उद्यान : मुआब्जा वितरणमा ढिलाइ

**पोखरापत्र संवाददाता**
दमौली, ७ जेठ

तनहुँको व्यास नगरपालिका-१२ छिर्केनेस्थित भानुभक्त प्राणी उद्यानको जग्गा अधिग्रहणको मुआब्जामा विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले चासो देखाएको छ। जग्गा अधिग्रहणका लागि विगत तीन वर्ष अगाडि नै मुआब्जा टुङ्गिसके पनि प्रभावितले मुआब्जा नपाएको विषयमा कार्यालयले चासो राखेको हो । उद्यानबाट प्रभावित स्थानीयलाई मुआब्जा वितरणका लागि तीन वर्षअघि मुआब्जा निर्धारण समितिले मुआब्जा निर्धारण गरिसकेको जनाइएको छ। तर बजेट अभावमा प्रभावितले मुआब्जा पाउन नसकेपछि आगामी वर्षको बजेटमा यसलाई समावेश गरेर लैजाने विषयमा छलफल गरिएको प्रधानमन्त्रीका स्वकीय उपसचिव ओमकुमारी पौडेलले जानकारी दिनुभयो ।

मुआब्जा वितरणका लागि आगामी वर्षको बजेटमा बजेट समावेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव नवराज ढुङ्गानाको संयोजनमा वन मन्त्रालयका सचिव डा रेवतीरमण पौडेल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा महेश्वर ढकालसहितको बैठक बसेको जनाइएको छ।

स्वकीय उपसचिव पौडेलले राससस‌ँग भन्नुभयो, "प्रधानमन्त्रीज्यूले यो विषयमा पटक-पटक चासो राख्दै आउनुभएको छ । सोहीबमोजिम सरोकारवालाको बैठक राखेर यो विषयमा छलफल गरेका छौँ । यो विषयमा राष्ट्रपतिज्यूसँग पनि भेटघाट गरेर जानकारी गराउने तयारी छ ।" प्राणी उद्यानका लागि आवश्यक पर्ने जग्गा रोक्का हुँदा प्रभावितले बेचबिखन गर्न पाइरहेका छैनन् । एकै किस्तामा वितरण गर्न नसकिए दुई किस्तामा मुआब्जा वितरण गर्ने विषयमा पनि छलफल भएको उपसचिव पौडेलले जानकारी दिनुभयो । रैथाने र गैररैथाने वन्यजन्तुको संरक्षण गर्ने, वन्यजन्तु संरक्षणमार्फत आमोदप्रमोद प्रदान गर्ने, वन्यजन्तुको वैज्ञानिक अध्ययन, अनुसन्धान गर्ने उद्देश्यसहित स्थापना भएको प्राणी उद्यानले जग्गा अधिग्रहणको कामलाई अगाडि बढाएको थियो ।

प्राणी उद्यानले व्यास नगरपालिका-११, १२, भानु नगरपालिका-५ र ६ का भाग समेटेको छ । प्राणी उद्यानले अधिग्रहण गर्ने जग्गा, घरटहरा, खेतबारीको मुआब्जा निर्धारण गर्ने काम सकिएको संरक्षण अधिकृत भोजराज पन्थले जानकारी दिनुभयो । उहाँका अनुसार यस कार्यका लागि कुल रु ४६ करोड ५२ लाख एक हजार सात सय ३० बजेट आवश्यक पर्छ ।

प्राणी उद्यानभित्र परेका एक सय २६ जग्गाधनीको नौ सय ६१ रोपनी जग्गा अधिग्रहण गरिनेछ । यसका लागि रु ४३ करोड ८७ लाख नौ हजार चार सय ४३ मुआब्जा निर्धारण गरिएको छ । त्यस्तै उद्यानभित्र परेका घरटहराका लागि रु ५८ लाख सात हजार पाँच सय ७९ र छुट भएका १६ जग्गाधनीको जग्गा अधिग्रहणका लागि रु दुई करोड छ लाख ८४ हजार सात सय सात मुआब्जा निर्धारण गरिएको छ ।

उद्यानको सिमानामा तारबार लगाउने काम भने सम्पन्न भइसकेको छ । प्राणी उद्यानको विकासका लागि गुरुयोजना बनाइएको छ । गुरुयोजनाअनुसार यहाँ दुई इलाका, चार क्षेत्र र आठ शाखा कल्पना गरिएको छ । इलाकाअन्तर्गत संरक्षण इलाका र उपयोग इलाका रहनेछ । क्षेत्रअन्तर्गत प्रशासनिक, प्रदर्शनी, शान्ति र आध्यात्मिक र उद्धार र अनुसन्धान रहनेछ । शाखाअन्तर्गत ठूला शाकाहारी, शाकाहारी, पक्षी, सर्वहारी, सरीसृप, साना स्तनधारी, मांसाहारी र भालु शाखाको कल्पना गरिएको छ ।

सो उद्यान कुल चार सय २५ हेक्टर क्षेत्रफलमा फैलिएको छ । उद्यानले १३ वन क्षेत्रलाई समावेश गरेको छ । उद्यान क्षेत्रभित्र पर्ने आठ सामुदायिक वन र पाँच कबुलियती वन गरी १३ वन क्षेत्र समावेश गरिएको छ । प्राणी उद्यानले दुई सय २ ९७ दशमलव ४७ हेक्टर संरक्षण इलाका र एक सय २७ दशमलव ५३ उपयोग इलाका निर्धारण गरेको छ । संरक्षण इलाकाभित्र घना वन क्षेत्र, भिरालो र पहुँच नभएको क्षेत्र पर्दछ भने उपयोग इलाकाभित्र कम भिरालो र पानीका स्रोत पर्दछ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा प्राणी उद्यान घोषणा गर्ने प्रावधान भएकाले चुनौती देखापरेको संरक्षण अधिकृत पन्थले बताउनुभयो । प्राणी उद्यानले गुरुयोजनाबमोजिम कार्यसञ्चालन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा प्राणी उद्यान स्थापना र व्यवस्थापनसम्बन्धी व्यवस्था गर्न पहल गर्ने विषयलाई प्राथमिकतामा राखेको छ ।

# मदिराको बोत्तलले फोहर व्यवस्थापनमा चुनौती

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ जेठ

म्याग्दीमा मदिराका सिसाजन्य बोत्तल व्यवस्थापन हुन नसक्दा समस्या भएको छ । गाउँ-गाउँ पुर्‍याइएका सिसाका बोत्तल यत्रतत्र फालिएको अवस्थामा भेटिन्छन् । यसरी फालिएका सिसाका बोत्तल फुटेर दुर्घटना निम्त्याउनुका साथै बस्तीलाई प्रदूषित र कुरुप बनाएको छ । बारीमा सिसाका बोत्तल यत्रतत्र थुप्रिँदा किसानलाई समस्या भइरहेको छ ।

धवलागिरि गाउँपालिका-७ ताकमका दिवाकर सुवेदीले बाढीले बगाएर ल्याएको सिसाका बोत्तल खेतमा थुप्रिएपछि तीन वर्षदेखि खनजोत गर्न नसक्दा खेतीबाली लगाउन नपाएको गुनासो गर्नुभयो । "खोल्सामा थुपारेको बोत्तल बाढीले बगाएर खेतमा ल्याएर थुपार्‍यो", उहाँले भन्नुभयो, "खेतभरि सिसाको टुक्रा भएपछि बाली लगाउनै पाएको छैन, बाँझै राखिएको छ ।" नसड्ने र जोखिमयुक्त यस्ता सिसाजन्य फोहर व्यवस्थापनको उपाय अपनाइएको छैन । साथै मदिरा उत्पादक कम्पनीले नै यस्ता खाली सिसा फिर्ता लैजानुपर्ने हो तर वास्ता नगरेकाले समस्या भएको धवलागिरि गाउँपालिका-७ का वडाध्यक्ष अशोक खत्रीले बताउनुभयो ।

अध्यक्ष खत्रीले चुनौतीका रूपमा देखिएको सिसाजन्य फोहर व्यवस्थापनका लागि नीतिगत पहल गर्नुपर्ने बताउनुभएको छ । सडक सञ्जाल जोडिएसँगै दुर्गम भेगका बस्तीमा अझ बढी मदिराजन्य, चिसो पेयपदार्थजन्य सिसाका खाली बोत्तलको थुप्रो लागेको छ । अन्नपूर्ण गाउँपालिका-६ स्थित पर्यटकीय बस्ती घोडेपानीका व्यवसायीले भने सिसाका खाली बोत्तल खाल्डोमा पुर्दै आएका छन् । "मदिराजन्य सिसाका खाली बोत्तल पर्यटकीय क्षेत्रका लागि समस्या भएका छन् । यस्ता बोत्तल फिर्ता लैजाने कोही नभएकाले हामीले खाल्डो खनेर गाड्ने गरेका छौँ", घोडेपानीका सुशील पुनले भन्नुभयो, "सिसाको बोत्तल फिर्ता लैजाने कम्पनीको मात्रै मदिरा बेच्नेबारे हामीले समुदायमा छलफल गरिरहेका छौँ ।" घोडेपानीमा पर्यटनको एक याममा एउटा होटलबाट एक ट्र्याक्टरभन्दा बढी सिसाको बोत्तल निस्कने उहाँको भनाइ छ ।

बस्तीभन्दा माथिल्लो क्षेत्रका हिमाली पदमार्ग र आधार शिविरमा पनि यस्ता सिसाका बोत्तल थुप्रिँदा समस्या बढ्दै गएको छ । यत्रतत्र छरिएका सिसाका बोत्तल र क्यानले आधार शिविर क्षेत्रमा फोहर बढेको छ । यसको व्यवस्थापनमा अझैसम्म जिम्मेवार निकायले चासो दिएको देखिँदैन । साथै पदमार्गमा आउने अधिकांश पर्यटकले समेत आफूले ल्याएको सिसाका बोत्तल सुरक्षितरूपमा व्यवस्थापन नगरी जथाभावी फाल्ने गरेका छन् ।

पर्यटकीय क्षेत्र तथा गाउँघरमा सिसाका बोत्तल व्यवस्थापनमा चुनौती थपिएको छ । "मदिरा खानेले स्वाद र मनोरञ्जन लिए, बेच्नेले पैसा कमाए । तर स्थानीयवासीले भने सास्ती भोग्नुपरेको छ", घोडेपानी टोल सुधार समितिका अध्यक्ष विरेन गर्बुजाले भन्नुभयो, "एउटाले सेवन गरेको, अर्कोले बेचेर पैसा कमाएको मदिराको खाली बोत्तलबाट निर्दोष किसान पीडित हुनुपरेको छ ।"

# अन्नपूर्ण आधार शिविरमा खेलकुद प्रतियोगिता

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ जेठ

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा अवस्थित नर्थ अन्नपूर्ण हिमालको प्रचारप्रसारका लागि आधार शिविरमा विविध खेलकुद प्रतियोगिता सम्पन्न गरिएको छ ।

अन्नपूर्ण गाउँपालिकाले आधार शिविर जोड्ने 'मौरिस हर्जोग' पदमार्गको प्रवर्द्धन गर्ने उद्देश्यले 'उच्च उचाइ खेलकुद प्रतियोगिता' आयोजना गरेको हो । समुद्री सतहदेखि चार हजार एक सय ९० मिटरको उचाइमा शनिबार गाउँपालिकाले मैत्रीपूर्ण दौड, छेलो फाल्ने र अन्धनिसान प्रतियोगिता सम्पन्न गरेको छ । अन्नपूर्ण हिमालकै फेदीमा आयोजित एक सय मिटर दौड प्रतियोगितामा पत्रकार, जनप्रतिनिधि, कर्मचारी, पर्यटनकर्मीलगायत ३० जनाको सहभागिता थियो । प्रतियोगितामा सन्दिप शर्मा रिजाल प्रथम, यामप्रसाद पुर्जा पुन द्वितीय र विष्णुप्रसाद रिमाल तृतीय भएका छन् । प्रतियोगितमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रू तीन हजार, दुई हजार र एक हजारसहित प्रमाणपत्र प्रदान गरिएको छ । त्यस्तै, छेलो फाल्ने प्रतियोगितामा सबैभन्दा टाढा छेलो फालेर यामप्रसाद पुर्जा पुन विजयी हुनुभएको छ । उहाँले रू तीन हजारसहित प्रमाणपत्र प्राप्त गर्नुभयो । प्रतियोगितामा विजयी हुनेलाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदी, वडा नं ४ नारच्याङका वडाध्यक्ष लोकबहादुर फगामी, वडा नं ७ का अध्यक्ष मइलन पुर्जा र वडा नं ८ का अध्यक्ष खमबहादुर गर्वुजाले पुरस्कार वितरण गर्नुभएको थियो । सन् १९५० जुन ३ तारिकका दिन फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण प्रथम हिमालको आरोहण गर्नुभएको थियो । हिमालका प्रथम आरोहीको नामबाट नामाकरण गरिएको पदमार्गको प्रचारप्रसारका लागि आधार शिविरमा खेलकुद प्रतियोगिता सम्पन्न गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवेदीले बताउनुभयो । "आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालको आधार शिविर क्षेत्रको प्रचारप्रसार र पदमार्गको प्रवर्द्धनका लागि खेलकुद प्रतियोगिता आयोजना गरिएको हो", उहाँले भन्नुभयो । सुवेदीका अनुसार प्रतियोगितामा सहभागी हुन जनप्रतिनिधि, कर्मचारी, पर्यटनकर्मी र पत्रकारको टोली पैदलयात्रामार्फत आधार शिविर पुगेका थिए । अन्नपूर्ण हिमालको प्रथम आरोही हर्जोगको नामबाट नामाकरण गरिएको नारच्याङ हुँदै आधारशिविर पुग्ने पदमार्ग, आश्रयस्थल, पुल लगायतका पूर्वाधार निर्माण भइसकेकाले यस क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढाउन गाउँपालिकाले प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरेको गाउँपालिका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

"नारच्याङ हुँदै-छोटेपा-हुमखोलासम्म २० किलोमिटर दुरीमा सडकको ट्र्याक निर्माण भएको छ", उहाँले भन्नुभयो । हुमखोलादेखि आधार शिविरसम्मको २२ किलोमिटर दुरीमा पदमार्ग, आश्रयस्थ लगायत पर्यटन पूर्वाधार निर्माण गरेपछि नर्थ अन्नपूर्ण आधार शिविरमा गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि एकैदिनमा पुग्न सकिने गाउँपालिका अध्यक्ष पुनले जानकारी दिनुभयो ।

## कर्जा चुक्ता / भुक्तान गर्न आउने बारेको ७ (सात) दिने सूचना

यस कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१३, बाँफापाटन कास्कीको तपशिलमा उल्लेखित सदस्यहरुले लिएको कर्जाको तोकिएको समयाबधि भित्र तिर्न बुझाउनपर्ने रकम तिर्न बुझाउन पटक पटक लिखित तथा मौखिक तार ताकेता गर्दा तथा ३५ (पैतिस) दिने र १५ (पन्ध्र) दिने सूचना जारी गर्दा समेत नतिरी, नबुझाई ऋण सम्बन्धी शर्त बन्देझहरुको उल्लङ्घन गर्नुभएकाले कर्जा चुक्ता गर्न आउने बारेको यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस संस्थामा सम्पर्क राखि तपाई ऋणीले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता/ भुक्तान गर्नुहोला⁄ उपरोक्त तोकिएको म्याद भित्र सहकारी संस्थालाई तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस संस्था बिच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचिमा समावेश गरिने साथै सहकारी ऐन २०७४ तथा नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गर्दै असुलीको लागि लिलामी प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित ऋणीहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल :**

| ऋणीको विवरण | धितोको विवरण |
|---|---|
| **ऋणीको नाम : सर्मिला गुरुङ**<br>ना.प्र.नं. : २५३१२<br>स्थायी ठेगानाः पोखरा -१३, कास्की<br>हालको ठेगाना : पोखरा -१३, कास्की<br>बाबु/पतिको नामः कमान सिं गुरुङ<br>बाजे/ससुराको नामः पतिराम गुरुङ | जग्गा धनीको नाम : सर्मिला गुरुङ<br>धितो रहेको स्थान : पोखरा-१३<br>कित्ता नं. : १६९ र १९७<br>क्षेत्रफलः ८९ र ६० व. मि. |
| **ऋणीको नाम : राम बहादुर गुरुङ**<br>ना.प्र.नं. : ११३४०३<br>स्थायी ठेगानाः साविक नामाजुंग-७<br>हालको ठेगाना : मादी -२, कास्की<br>बाबु/पतिको नामः भिम बहादुर गुरुङ<br>बाजे/ससुराको नामः धन बहादुर | जग्गा धनीको नाम : राम बहादुर गुरुङ<br>धितो रहेको स्थानः नामजुंग-९<br>कित्ता नं. : १८१, १८२, २७६<br>क्षेत्रफल :(४-९-३-०), (१-११-०-३) र (३-६-२-१) रोपनी |

**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-१३, बाँफापाटन, कास्की**
**फोन नं. ०६१-५३३८११, ५९०६७३**
Email: kamalpokharisaving@gmail.com

## गैह्र बैकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०२/०८ गते**

यस सहकारी संस्थाको नाममा रहेको तपशिलमा उल्लेखित गैह्र बैकिङ्ग सम्पत्ति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति वा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस सहकारी संस्थाको कार्यालय, अन्नपूर्ण गाउँपालिका-५, नयाँपूल, कास्कीमा आई पुग्ने गरी शीलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

**तपशिलः**

**जग्गाको विवरण**

| जग्गाधनीको नाम | जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| मोदी बचत तथा ऋण सहकारी संस्था लि. | अन्नपूर्ण गा.पा. वडा नं. १०, कास्की (साबिकः घान्द्रुक गा.वि.स., वडा नं. १) | २६७ | ७-५-१-३ |
| मोदी बचत तथा ऋण सहकारी संस्था लि. | अन्नपूर्ण गा.पा. वडा नं. १०, कास्की (साबिकः घान्द्रुक गा.वि.स., वडा नं. १) | ७३४ | १-४-३-३ |

**शर्त तथा बन्देजहरु :**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस सहकारी संस्थाको कार्यालय, अन्नपूर्ण गाउँपालिका-०५, नयाँपूल, कास्कीमा कार्यालय समय भित्र बुझाउनु पर्नेछ । सो दिन विदा परे सोको भोलिपल्ट कार्यालय समय भित्र बुझाउनु पर्नेछ ।
२. बोलपत्रदाताको हस्ताक्षर सहित शिलवन्दी गरी खाममा बाहिरपट्टी जग्गा बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।
४. आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस सहकारी मा नगद वा यस सहकारी संस्थाको NIC Asia Bank मा रहेको खाता नं. A641497611524001 जम्मा गरेको भौचर वा रसिद बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
५. बिक्री सम्बन्धी निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाईनेछैन ।
६. यो सूचना प्रकाशित भएको मितिले ८ औं (आठौं) दिनमा दिउँसो १ बजे यस सहकारी संस्थाको कार्यालय अन्नपूर्ण गाउँपालिका-०५, नयाँपूल, कास्कीमा बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि र विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिने छ । साथै सो दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन उल्लेखित समयमा बोलपत्र खोलिनेछ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
७. म्याद नाघी वा रित नपुगी आएका तथा कुनै शर्त समावेश गरी पेश गरेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. गोप्य शिलबन्दी बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सहकारी संस्थामा निहित रहनेछ ।
९. बोलपत्र स्विकृत भएमा सोको सुचना पाएको ७ (सात) दिनभित्र धरौटी बाहेकको बाँकी रकम यस सहकारी संस्थामा वा यस सहकारी संस्थाको NIC Asia Bank मा रहेको खाता नं.A641497611524001 मा जम्मा गरेको भौचर जम्मा गर्नु पर्नेछ । नामसारी गर्दा मालपोत कार्यालयमा लाग्ने दस्तुर, पूँजीगत लाभकर तथा अन्य आवश्यक दै दस्तुर बोलपत्रवालाले नै वहन गर्नु पर्नेछ ।
१०. उल्लेखित जग्गाहरुको बारेमा थप जानकारी लिन चाहेमा यस सहकारी संस्थाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
११. प्रत्येक कित्तामा न्यूनतम २ लाख नघटाई बोलकबोल गर्नु पर्नेछ ।

**मोदी बचत तथा ऋण सहकारी संस्था लि.**
**MODI SAVING & CREDIT CO - OPERATIVE LTD.**
**अन्नपूर्ण गाउँपालिका-५, नयाँपूल, कास्की**
**फोन नं. ०६१-५०२०५३**